

# NFAD

Nepal-Japan Friendship Association for Water Induced Disaster Prevention (NFAD)



## ESSAY CONTEST ON:

Water induced disasters and its mitigation

## जल उत्पन्न प्रकोप र यसका न्यूनिकरण सम्बन्धि निबन्ध प्रतियोगिता

फुल्पिङ्कट्टी पहिरो ल्याङ्खोलामा पहिरो नियन्त्रण कार्य अन्तर्गत टेवा पर्खाल
Toe/Retaining wall at Phulping Katti landslide, Langkhola, Sindhupalchok

December 2013




SHREE ANNAPURNA

# Foreword



**Dr. Kedar Bhakta Mathema**
Honorary Advisor of NFAD Nepal Branch
Former Ambassador to Japan

Water is essential for our life It nourishes and sustains plants, trees and the habitat around us. Excess of water if not regulated however could bring disaster, damage natural resources and cause immense suffering to mankind. In Nepal where people live in mountain and hill slopes, excessive rain could affect them by causing landslides and soil erosion. For people living in the terai, excessive rain cause flood and silting of their valuable agricultural farm.

Over a period of hundred years. Japan has developed some of the world's most sophisticated technologies to deal with the problem of water induced disaster. Some of these techniques include constructing check dams, gullies terrace and planting trees and bushes on slopes to regulate the down stream flow of water. Some of these methods are being transferred to Nepal through Japanese capital and technical assistance and the activities of Japan based Nepal-Japan Friendship for Water Induced Disaster Prevention (NFAD).

The collection of essays presented in this volume is written by school students who participated in the Composition Writing Competition organized by NFAD. One of the many activities of NFAD in Nepal is the annual essay competition among school students. This is organized with a view to spread awareness among students and through them among villagers about the danger of water induced disaster and various efforts that people can make to prevent or mitigate them.

I would like to take this opportunity to appreciate and thank NFAD for its various activities since its inception to spread awareness about water induced disaster in Nepal and promoting exchange between Nepalese and Japanese engineers and technicians. I wish NFAD continued success in all its future activities.

The organization 'Nepal Japan Friendship Association for Water Induced Disaster Prevention' (NFAD) is aiming to provide knowledge on the Water Induced Disasters to the school students through composing Essays on the topics "The Water Induced Disasters and Its Mitigations".

The NFAD is trying to cover the areas where the disasters have occured.

This volume includes the junior class students too. In this time class V, VI and VII students are involved. The junior class students express their understandings on the topics through drawings whereas sernior class students (VII, IX & X) compose essays.

Besides the lectuers on the topics by the Engineer Kendra Bahadur Shrestha from the Departent of Water Induced Disaster Prevention (DWIDP), some important personnels from Japan are also involved as followings:

- Professor Dr. Hiroshi Yagi from Yamagata University, Yamagata Japan. Dr. Yagi presented on the Debris flow occurred in Seti river. He presented abut the causes, affects by the flood in Pokhara valley.
- Professor Dr. Yoshiyuki Murayama. Dr. Murayama shared valuable suggestions with the school teachers on the topics. He noted on the roles of NFAD in Nepal etc.
- The students of Yamagata University Japan and Tribhuvan University (TU) Nepal who gave knowledges on the topics to the junior students through drawings are:
    - Ms Nami Sugai, Yamagata University, Japan
    - Ms Mikako Sugai, Yamagata University, Japan
    - Mr Shori Nagano, Yamagata University, Japan
    - Mr Kota Nagano, Yamagata University, Japan
    - Ms Tara Gautam, Tribhuvan University, Nepal
    - Ms Jharana Khanal, Tribhuvan University, Nepal

At last but not the least Mr Kazuo suganuma, the Chief Execution Officer and the MDCJ is the main hero of this programme who endeavours keen interest and is helping Nepal since decades.

# विषयसूची Contents

## निबन्ध : जल उत्पन्न प्रकोप र यसको न्यूनीकरण
## Essay on Water Induced Disasters and Its Mitigation


| | | | | |
|---|---|---|---|---|
| EXCELLENT | रुपा तामाङ्<br>Rupa Tamang | कक्षा: आठ, रोल. नं १०<br>Class: 8, Roll no: 10 | श्री अन्नपूर्ण नि मा वि<br>Shree Annapurna Lower Secondary School | ३<br>4 |
| | बिनिता तामाङ्<br>Binita Tamang | कक्षा: ७, रोल. नं १<br>Class: 7, Roll no: 1 | श्री अन्नपूर्ण नि मा वि<br>Shree Annapurna Lower Secondary School | ५<br>6 |
| | निशा गिरी<br>Nisha Giri | कक्षा: १०, रोल नं.: ७<br>Class: 10, Roll no: 7 | श्री नव ज्योति थम माध्यमिक विद्यालय<br>Shree Nawa Jyoti Higher Secondary School | ७<br>8 |
| | देवी पाण्डे<br>Devi Pandey | कक्षा: ९, रोल न. : २<br>Class: 9, Roll no: 2 | श्री नव ज्योति थम माध्यमिक विद्यालय<br>Shree Nawa Jyoti Higher Secondary School | ९<br>10 |
| | सुशीला शर्मा<br>Sushila Sharma | कक्षा: ८, रोल नं.: ३<br>Class: 8, Roll no: 3 | श्री नव ज्योति थम माध्यमिक विद्यालय<br>Shree Nawa Jyoti Higher Secondary School | १२<br>13 |
| EXCELLENT | महादेब जैशी<br>Mahadeva Jaishi | कक्षा : ८, रोल नं.: २<br>Class: 8, Roll no: 2 | श्री अन्नपूर्ण नि मा वि<br>Shree Annapurna Lower Secondary School | १५<br>16 |
| | मिलन गुरुङ्<br>Milan Gurung | कक्षा: ७, रोल. नं. ३<br>Class: 7, Roll no: 3 | श्री अन्नपूर्ण नि मा वि<br>Shree Annapurna Lower Secondary School | १७<br>18 |
| | नविन शर्मा<br>Nabin Sharma | कक्षा: १०, रोल नं.: २<br>Class: 10, Roll no: 2 | श्री नव ज्योति थम माध्यमिक विद्यालय<br>Shree Nawa Jyoti Higher Secondary School | १९<br>20 |
| | सुजन क्षेत्री<br>Sujan Chhetri | कक्षा: ९, रोल. नं: १<br>Class: 9, Roll no: 1 | श्री नव ज्योति थम माध्यमिक विद्यालय<br>Shree Nawa Jyoti Higher Secondary School | २१<br>23 |
| | सनिमान तामाङ्<br>Sani man Tamang | कक्षा ८, रोल नं.: ७<br>Class: 8, Roll no: 7 | श्री नव ज्योति थम माध्यमिक विद्यालय<br>Shree Nawa Jyoti Higher Secondary School | २४<br>26 |
| | भिमकुमारी हमाल<br>Bhim Kumari Hamal | कक्षा: ८, रोल नं: २<br>Class: 8, Roll no: 2 | श्री नव ज्योति थम माध्यमिक विद्यालय<br>Shree Nawa Jyoti Higher Secondary School | २९<br>31 |
| | एलिना क्षेत्री<br>Alina Chhetri | कक्षा: ८, रोल नं: ५<br>Class: 8, Roll no: 5 | श्री नव ज्योति थम माध्यमिक विद्यालय<br>Shree Nawa Jyoti Higher Secondary School | ३३<br>34 |
| | सुनिता क्षेत्री<br>Sunita Chhettri | कक्षा: ८, रोल नं ३३<br>Class: 8, Roll no: 33 | श्री नव ज्योति थम माध्यमिक विद्यालय<br>Shree Nawa Jyoti Higher Secondary School | ३६<br>37 |


## Drawings on Water Induced Disasters and Its Mitigation


- Bikas B.K., Class: 5, Shree Annapurna Lower Secondary School
- Rojina Gurung, Class: 5, Shree Annapurna Lower Secondary School
- Manoj Pun, Class: 6, Shree Annapurna Lower Secondary School
- Nirmala Pun, Class: 6, Shree Annapurna Lower Secondary School
- Roshan K.C., Class: 5, Shree Nawa Jyoti Higher Secondary School
- Asmita Pun, Class: 5, Shree Nawa Jyoti Higher Secondary School
- Prem B.K., Class: 6, Shree Nawa Jyoti Higher Secondary School
- Santosh Lama, Class: 6, Shree Nawa Jyoti Higher Secondary School
- Seema Tamang, Class: 7, Shree Nawa Jyoti Higher Secondary School
- Roshan Pun, Class: 7, Shree Nawa Jyoti Higher Secondary School

# जल उत्पन्न प्रकोप र यसको न्यूनीकरण



**नामः रुपा तामाङ्ग**
**कक्षाः आठ, रोल. नं १०**
**श्री अन्नपूर्ण नि मा वि**

Excellent

सबै तरल पदार्थहरुमध्ये पानी एक महत्वपूर्ण तरल पदार्थ हो । हाइड्रोजन २ भाग र अक्सिजन १ भाग मिली पानी बनेको हुन्छ । सागर तथा महासागर यसको प्रमुख स्रोतहरु हुन् । जसलाई हामी जल मण्डल भन्दछौ । यो आफै एक उप प्रणालीहरुमा विभाजित भई स्वचालित रुपमा संचालन भइरहेको हुन्छ । महासागर ध्रुविय हिऊँ ,हिमनदी, भुमिगत जलभण्डार सतहको ताजा पानी तथा वायुमण्डलको जल बायु आदि आफ्नै प्रणालीद्धारा संचालित भइरहेको हुन्छ । जसलाई जलमण्डलको उप प्रणाली यही उप प्रणालीको समस्टीगत रुप नै जलमण्डल प्रणाली हो पानीले पृथ्वीको वातावरणीय प्रणालीमा महत्वपूर्ण भुमिका खेलेको छ। विश्वका सम्पुर्ण जल भण्डारको ३६ प्रतिशत पानी सागर र महासागरमा रहेकोले यसलाई प्रमुख जलाशय भनिन्छ । बर्षा तथा वाष्पीकरण नै पानीलाई जलासयबाट अन्य स्थानमा पुऱ्याउने प्रमुख कारण हो । पानीका अणुहरु वायुमण्डलको एकै स्थानमा धेरै समय सम्म रहि रहन सक्दैन । समयको गतिसगैं यसले आफ्नो भौतिक अवस्था परिवर्तन गरिरहन्छ। असन्तुलीत ढङ्गबाट हुन परिवर्तनले धरातलिय स्वरुप परिवर्तनमा महत्वपूर्ण भुमिका खेलेको हुन्छ । मानव जिवनमा समेत यसका गम्भिर असरहरु पर्दछन । जसलाई हामी जल उत्पन्न प्रकोप भन्दछौ ।

पानी जिवजन्तुहरुका लागि जन्म देखि मृत्यु पर्यन्त आवश्यक छ । जीवनको हरेक समय हाम्रो लागि अमृत बन्ने पानी कुनै समय जीवन लीला समाप्तीको कारण समेत बन्दछ। पानीकै कारणबाट धेरै अप्रिय घटनाहरु घट्ने गरेका छन् । बाढी, पहिरो, भू:क्षय, गेग्रान, बहाब, हिमताल विस्पोट, हिमपहिरो आदि जल उत्पन्न प्रकोपका स्वरुपहरु हुन् जसलाई हामी प्राकृतिक प्रकोप भन्दछौ । यस्तो प्रकोपहरु आफसेआफ एक्कासी हुने गर्दछन । यस्ता घटनालाई हामी रोक्न सक्दैनौ । प्रकोप न्युनीकरणका उपायहरु अबलम्बन गरी सम्भावित क्षतिलाई कम गराउन सक्छौ ।

कतिपय प्राकृतिक प्रकोपहरु मानिसको आफ्नै कारणबाट समेत हुने गरेका छन् । बढ्दो जनसङ्ख्याको भार, सिमीत प्राकृतिक स्रोत र साधन माथि निर्भर रहदा बनविनास, जल, जमिन, र वायु प्रदुषण हुनुका साथै प्राकृतिक चक्रिय प्रणालीमा असन्तुलन पैदा हुन्छ । बाढी, पहिरो, भुक्षय र गेग्रान बहाव जस्ता प्रकोपहरु हुन मानविय क्रियाकलापहरु सहायक सिद्ध बन्दछन् । मानिसहरुले खेतीपाती गर्दा, बाटो खन्दा, बनजङ्गल जथाभावी फडानी गर्दा, खोरिया खन्दा, बन डडेलो लगाउदा, विकास निर्माणका कामहरु गर्दा, भुक्षय तथा बन विनास हुने गर्छ । जसले प्राकृतिक प्रकोप निम्त्याउन मुख्य भुमिका खेल्दछ ।

बाढी पहिरो भुक्षय र गेग्रान वहाव जस्ता जल उत्पन्न प्रकोपले मानिसहरु घाइते हुन्छन र मर्न पनि सक्छन । घर जग्गा, खेतवारी,वालीनाली, गाई भैसी र वोटविरुवा बगाउँछ र जनधनको क्षति हुन्छ । हाम्रो देश नेपाल भौगोलिक विविधताले भरिपूर्ण देश हो । यहाँ समथर भुमि देखि मध्य पहाड र उच्च पहाड, हिम श्रीङखला, उपत्यका, दुन टार र उबड खावड जमिन छ। नदी नालाले छियाँछियाँ पारेको यस भुमिमा बर्षायाममा बढी पानी पर्नाले जमिनको मलिलो माटो बगाएर लैजाने प्रकृया बषौ देखि निरन्तर चलिरहेको छ । जमिनको सतहमा रहेको उर्भर माटो निमार्ण गर्न सयौ बर्ष लाग्छ तर बाढी आउदा अनि धेरै बर्षा हुदाँ यस्तो महत्वपूर्ण उर्भरा शक्ति युक्त माटो बगेर एकैछिनमा नस्ट हुन्छ। हिमाली तथा पहाडी क्षेत्रमा हुने बाढी, पहिरो तथा साना ठुला भुक्षयले नदी किनारमा बस्ती उच्च जोखिममा परेका छन् भने तराई प्रदेशमा बस्ने मानिसहरु डुवानको समस्या भोग्नु परेको छ । हाम्रा विकास पुर्वाधारहरु सडक, पुलपुलेसा, बाधँ नहरहरु बगेर खेतीयोग्य जमिन एकै दिनमा स्वाँहा हुने गरेका घटना हाम्रा आखाँ अगाडी छर्लङ्ग छन् । राष्ट्रले प्रत्येक बर्ष यस्तै विपत्ती भोग्दै ठुलो क्षति व्यहोर्दै आएको छ ।

जल उत्पन्न प्रकोप (प्राकृतिक प्रकोप) लाई पूर्णरुपमा नियन्त्रण गर्न सम्भव छैन । हाम्रा क्रियाकलापहरुले यसलाई केबल न्युनीकरण मात्र गर्न सक्छ । मानविय क्रियाकलापबाट वाताबरणमा पर्न सक्ने असरहरुलाई कम गर्न स्थानिय स्तरमा जनचेतना अभिबृद्धि गर्ने । नाङ्गा डाडाँ पाखामा विशेष अवसर (जन्मदिन) पारेर वृक्षारोपन गर्ने । कृषि बन प्रणाली अनुसार खेति गर्ने । जमिन खाली नराख्ने । नदी तथा खोलाका किनारमा तट बन्द तथा छेकबार गर्ने । राष्ट्रिय तथा स्थानिय स्तरमा सञ्चार माध्यमहरुद्धारा दैनिक तथा साप्ताहिक रुपमा चेतनामुलक कार्यक्रम सञ्चालन गर्न सके जल उत्पन्न प्रकोप न्युनिकरण हुन सक्ने सम्भावना देखिन्छ ।

# Water Induced Disasters and Its Mitigation

**Rupa Tamang**
Class: 8, Roll no: 10
Shree Annapurna Lower Secondary School

Excellent

Water is one of the most important substances out of the all liquid substance. The combination of water is two third is hydrogen and one third of oxygen. Sea and ocean are the main sources of water. It is also called galaxy of water. It is continuous by division of various sub system. Ocean, polar ice, glaciers, collection of water of this earth in surface, fresh water of spring, moisture of the atmosphere are self moving and continuous systems. It is also called the sub system of water resource called the whole galaxy of the water. Water plays the great role in the environment aspect of the world. Sea and ocean are called the main sources of water as they depict about 96% of the water. Rain or evaporation takes water to other various agents or things.

The atoms at water can't remain in the atmosphere for a long time. According to the time and movement water also changes its physical features but the imbalanced change brings various changes in the atmospheric and structural change at the surface of the earth. It also greatly affects in the human life which is called the water induced disaster.

Water is essential for all creatures from birth to death water become some of the disastrous though it is the boon for our life. So disastrous events have occurred due to water flood, landslide soil erosion debris flow disposal of snow lake snow slide etc. are the water induced disasters .They are also called natural disasters we can't stop those disasters. By taking percussion of disasters .we can mitigate the disasters.

Some of the disaster occurs due to human activities .The pressure of population growth depends upon the limited natural resources because of that people involve in deforestation, water land and air pollution well become imbalance in natural cycle. Flood landslide soil erosion and debris flow are some of the disasters due to human secondary activities. Due to random destruction of the forest, the forest becomes barren fire caught I the forest while caring out the developmental works and starts soil erosion and deforestation. That plays the main role to invite the natural disasters.

Human being become injure due to flood landslide soil erosion debris flow and sometimes people may die house land farm land crops and grains, animals and plants may start to flow or cover due to water which makes great loss of life and property. Our country Nepal is full of geographical diversity. Here are plain areas as well as middle hills and high mountains besides that mountain rang valleys duns, tars basins as well as uneven land. Rivers and rivulets make small spores in the land which may be taken away by the heavy rain during rainy season. The following of fertile soil is continuous occurring since the earlier time. To create the fertile soil in land takes thousands of year but flood swipes away within few second. The rain water, if it occurs heavily takes it away in certain time and we lose our fertile soil. The residential areas of the banks of river and basins are of high risk due to the flood and soil erosion in the Mountainous and Hilly region where as in the Terai region people are at risk due to over flood. The events are clear in front of us as we have witnessed that our infra-structures of development like roads bridge, dam cannel fertile land have become clear within few time so every year we have been experiencing those types of disaster.

Water induced disasters (natural disasters) are impossible to stop. We can only mitigate due to atmospheric effect by human being and their activities it is necessary to increase the awareness in the local level. Necked and barren lands must be a forestalled on the on the special occasion. Involve in agricultural activities according to the standard procedure of agriculture and forest. Do not keep the land barren and vacant or construct the various types of barren or ground seal. From the national and local medias programmes must be broadcasted to make aware to the people of the rural areas. If we are able to conduct above mentioned activities can mitigate the water induced disaster.

# जल उत्पन्न प्रकोप र यसको न्यूनीकरण



**बिनिता तामाङ्ग**
**कक्षाः ७, रोल. नं १**
**श्री अन्नपूर्ण नि मा वि**

Excellent

नेपालको भुविज्ञानको इतिहासलाई हेर्दा नेपालका पहाडहरुको आयु अत्यन्त कम भईरहेको पाइन्छ यहाँका पहाड, खोच,भिरहरु कमजोर अवस्थामा देखिन्छन् नेपालको उत्तरमा अग्ला पहाड र हिमाल हरु छन् बंगालको खाडीबाट बहने मनसुन यी अग्ला पाहाडमा ठोकियी बर्षा हुन्छ असार देखि असोजसम्म करिव चार महिना मनसुनी बर्षा हुने गर्दछ । हाम्रो देशमा सरदर रुपमा बर्षदिनमा करिव १५३० मि.लि बर्षा हुन्छ भने यहाँ ८० प्रतिशत पानी बर्षायाममा पर्छ । मनसुनी बर्षा पूर्वबाट सुरुभएर पश्चिम सम्म पुग्छ त्यसैले गर्दा पश्चिम नेपालमा भन्दा पूर्वि नेपालमा बढी बर्षा पर्छ

पानी सजिव प्राणीको लागि नभई नहुने तत्व हो, भने पानी उच्चतम बाहव हुदै यो मानव जिवनको घातक कारण पनि हो । पानीले जिवलाई जती फाइदा गर्छ त्यतीनै नोक्सान पनि गर्छ यही पानीको कारणबाट हुने विभिन्न खालका नोक्सानी तथा क्षतीलाई जल उत्पन्न प्रकोप भनिन्छ । अनेक प्रकारका भू:क्षय, बाढी, पहिरो र गेग्रान बहावलाई जल उत्पन्न प्रकोपका मुख्यरुपमा लिइन्छ। जल उत्पन्न प्रकोप २ कारणले हुने गर्दछन्। ती हुन्

१ प्राकृतिक
२ मानव सिर्जित

**१ प्राकृतिक प्रकोपः**

कहिलेकाही प्रकृतिमा अचानक घट्ने क्रियाकलापले हुने प्रकोपले धनजनको क्षति गराउछ त्यसैलाई नै प्राकृतिक प्रकोप भनिन्छ । यि प्रकृतिमा आफै हुने गर्दछ । भुबनोटको कारण हुने अति हिँउ, बर्षा चट्याङ, भुकम्प, ज्वालामुखी आदि प्राकृतिक प्रकोपका उदाहरण हुन र यसो हुनुको कारण प्राकृतिक हुन् ।

**२ मानव सिर्जितः**

मानिसहरुको क्रियाकलापले घट्ने प्रकोपलाई मानव सिर्जित प्रकोप भनिन्छ। यो मानिसहरुको घामुर्खताले गर्दा हुन्छ। जस्तै बढ्दो जनसंख्यालाई बढी खाद्यान्न आवश्यकता हुन्छ । मानिसहरु खेतीपाती गर्न बाटोघाटो बनाउन, विद्यालय बनाउन, घरहरु बनाउन, घरहरु बनाउन बनजंगलको जथाभावी फँडानी गर्ने गर्दछन यसले गर्दा विनाश हुन्छ । वन विनाशले बाढी, पहिरो भू:क्षय र गेग्रान वहाव जस्ता जल उत्पन्न प्रकोपलाई बढाउछ त्यसकारण प्रकोप निम्त्याउन मानिसको महत्वपुर्ण भुमिका रहन्छ ।

जल उत्पन्न प्रकोप हुनुका कारणहरु मध्ये एक वन विनाश पनि हो । वन विनाश गर्नाले बाढी, पहिरो भुक्षय र गेग्रान बहाव जस्ता असरहरु गर्दछ यसले धनजनको क्षति गराउछ । खोलानालाहरुको छेउछाउमा तटवन्धको प्रबन्ध नगरेर छेउछाउका घर जग्गा बगाएर लगि जमिनको क्षति गर्छ । भिरालो जमिनलाई सम्मो बनाएर खेतीपाती नगर्नाले पहिरो जान्छ र बस्तीहरु पुरिएर बसाईसराई गर्नुपर्ने अवस्था हुन्छ ।

बाढी पहिरो भू:क्षय र गेग्रान बहाव जस्ता प्रकोपले भुबनोट विगार्छ मरुभुमिकरण बनाउछ, वायु तथा जल प्रदुषण गर्छ विभिन्न जल उत्पन्न प्रकोपको स्रोत बढाउछ । यिनीहरुले गर्दा मानिसहरु बसाईसराई गर्नु पर्ने स्थिति गराउछ । त्यस्तै सडक, भवन, पुल वाधँ ,नहर र कुलो जस्ता आदि विकाशका पुर्वाधारलाई भत्काएर र पुरेर विनाश गर्छ । यसले आवतजावत रोकिन्छ विधुत् र सिँचाइका लागि गरिएको नदिको बाधलाई बाढी पहिरो जस्ता प्रकोपको क्षति गर्दा लगानीमा ठुलो हानी नोक्सानी हुन्छ। प्राकृतिक प्रकोपलाई दैवी प्रकोप पनि भनिन्छ। तर प्रकोप दैव गर्ने होइन । यो प्राकृतिक वातावरण भौगोलिक एवं मानवीय कारणहरुले गर्दा हुन्छ । प्रकोपको कारण बुझेर प्रकोपलाई घटाउने उपाय पनि सोच्न सकिन्छ ।

जल उत्पन्न प्रकोपको रोकथामका उपायहरु खाली ठाउँमा वृक्षरोपण गर्ने, खोलानालाका छेउछाउमा तटबन्ध बाध्ने गर्नाले जमिनको क्षति हुदैन वहाव कम गर्ने स्परको निर्माण गर्ने, छेकबार तथा बाँधको निर्माण गर्ने कुलेसो तथा भेल नियन्त्रण गर्ने जैविक प्रवृधिको प्रयोग गर्नाले बाढी, पहिरो , भू:क्षय गेग्रान बहावको न्युनिकरण गर्न सकिन्छ ।

जल उत्पन्न प्रकोपबाट बच्न वृक्षरोपण गर्ने समुदाय र वरिपरिको अवस्थालाई ध्यान राख्ने , प्रकोप हुदाँ नआत्तिने, अग्लो पहाड तिर भाग्ने, वरिपरिको अवस्थालाई ध्यान राख्ने, बढेको खोला नतर्ने र छोडेर तुरुन्तै नफर्कने, केही प्रकोप परेको देखेमा ठुलाबडालाई खवर गर्ने, गेग्रान बहाव वा पहिरो भएर खोलानाला थुनिएको भए तुरुन्तै सबैलाई खवर गर्ने, तयार गरी राखेको न्युनतम जिवन धान्ने चिजहरुको पोको सँगै लैजाने आदि गर्नाले जल उत्पन्न प्रकोप बाट बच्न सकिन्छ ।

# Water Induced Disasters and Its Mitigation

**Binita Tamang**
Class: 7, Roll no: 1
Shree Annapurna Lower Secondary School

Excellent

When we look after the history of the topography of the Nepal, hills and mountains are weak in their structure. Hills, passes, mountains are too much in weak condition here. In the northern part tall mountains and hills are there. When the monsoon wind collides with the high hills and mountains, monsoon rains occurs in high quantity. Normally monsoon rain occurs from Ashad to Ashwin lasted about four months. All together about1530 ml water occurs in our country out of which 80% rain occurs only daring rainy season, monsoon rain starts form the east and reaches up to the west. Eastern Nepal receives heavy rain fall than

Water is an essential element for all living being. But when it flows in high speat it becomes an agent of loss. As much as water helps for living things it destructs us. The destruction due to water are called water induced disaster. Soil erosion flood, landslide and debris flow are mainly taken as water induced disasters. Water induced disasters occurs due to two causes

1 Natural cause
2 Human induced disasters

**1. Natural disaster**

Sometimes the events occur in the nature instantly and those events bring unprecedented loss of life and property that is called natural disasters. Those disasters occur in the nature automatically. Due to geographical topography heavy rainfall, snow fall thunder, earth quack, volcano etc are some of the causes of natural disaster. They occur due to natural causes

**2. Human created disaster.**

Disasters occur due to human activities are called human induced disaster. It may occur because of human foolish nature of human being for example a lot of food is needed for increasing population, people cut down trees and forest unsettle way to involve in agriculture or to construct road schools buildings etc that may the forest. Deforestation lead to the destructions like flood, landslides, soil erosion, debris flow etc water induced disaster, therefore to invites the disaster human being play the great role.

One of the main causes of water induced disaster is deforestation, when people involve in deforestation, flood, landslides, and creatures of the earth. That disaster causes the unprecedented loss of life and property. If we don't make the barrier in the surrounding of the rivers and rivulets, the houses, land may take away and brings loss in the landmass. Cultivate in the slope land also one of the major various problems also arise due to the cultivation in the slope land without making terraces that may overflow in the surrounding landmass nad we have to migrate from one place to another place.

Flood, landslide, soil erosion debris flow may be the agents to change the land into desert and air or water may pollute. Various water induced disaster may increase and we have to migrate from one place to another place.

Likewise road buildings bridges, dam cannels and small cannels which are regarded as infrastructures may die because of that our human settlement may destroy or cover. Because of that destruction our transportation our investment may get loss when flood and landslide destroys the cannels and dam which are made for irrigation and electricity. Natural disaster only called the divine disaster. But the disasters are not made according to the will of god rather they occur themselves. It happens due to natural and human causes. By knowing the facts about the causes of water induced disaster, we can reduce the destruction some of controlling measures of water induced disasters by planting trees in the naked land. Construct the barrier well to reduce disasters and its effect. Construct the spars to reduce the disasters and its effect. Construct barrier, construct dam or construction of small cannel etc. we can reduce the

disaster of those flood, land slide, soil erosion, debris flow and other obstacles.

To save form water induced disaster we have to plant the trees. Don't be disrupted while natural event happen. We have to look after the side of natural or other disasters. Do not return to the house that you have left during disasters. Inform to the elders if anyone is in the problem. Do not have to cross the stream. It is our duty to inform to our elders. If landslide and debris block the flow of rivers, we have to inform to the all.try to save the life of the world people as far as possible take the basic things for the protection of self can also help us to mitigate the effect of the disaster in various ways.

# जल उत्पन्न प्रकोप र यसको न्यूनीकरण



**निशा गिरी**
**कक्षाः १०, रोल नं.: ७**
**श्री नव ज्योति थम माध्यमिक विद्यालय**

Excellent

पानी मानव जिवनका लागी चाहिने एउटा अत्यावश्यक तरल पदार्थ हो । जसको आणविक सूत्र $H^2O$ हो । पानी विना कुनै जीवहरुको अस्तित्व रहँदैन । हाम्रो जिवनका लागि पानी जती शुभ छ त्यती नै हानीकारक पनि छ पानीको कारणबाट हुने हानि नोक्सानीलाई जल उत्पन्न प्रकोप भनिन्छ । जस्तैः बाढी, पहिरो, ग्रेगान बहाव, भुक्षय, हिमताल विस्फोटन आदि ।

**बाढी**

विभिन्न तरिकाले पानी सामान्य गतिभन्दा बढी वेग भएर, खोलानाला तथा नदीका वरपर रहेका वस्तुहरुलाई बगाएर लैजाने प्रकोपलाई बाढी भनिन्छ । वि.स.२०६८ चैत्र २९ गते भएको हिमताल विस्फोटबाट पोखरामा बाढी गएर धेरै मानिसहरुको ज्यान गयो कतिपय हराए पनि, जनजनको धेरै नै हानि भयो, ठूला ठुला घरहरु भत्किएर गए ।

**बाढी आउने कारण**

१) अत्याधिक बर्षा
२) बढ्दो सहरीकरणले गराउने बनजंगलको बिनास
३) हिमताल विस्फोटन

**बाढीका असरहरु**

१) मानिसहरुको घर बस्तीहरु लैजान्छ
२) खेतियोग्य जमिन लगेर खाद्यान्नका अभाव हुन्छ
३) मृत मानिसहरु पशुहरु कुहिएर महामारी दुर्धन्ध फैलन्छ।
४) भु स्वरुपमा परिर्वतन आउँछ ।

**बाढी रोकथाम गर्ने उपायहरु**

१) बढी मात्रामा वृक्षरोपण गर्ने
२) सबै व्यक्तिहरुलाई बाढीबाट हुने हानिनोक्सानी र कारण बताई वृक्षरोपण गर्नुपर्छ भनेर जनचेतना फैलाउन
३) दक्ष प्राविधिक युक्त कृषि प्रणाली गर्ने
४) जलधार व्यवस्थापन गर्ने

**बाढीहरु संरक्षण गर्ने उपायहरु**

१) खोलानालाको वरपर बस्ती नबनाउने
२) भिरालो र पाखामा खेती नगर्ने

**पहिरो**

पहाडको कुनै भाग झरेर आउने प्रकृयालाई पहिरो भनिन्छ। बर्षाको मुसलधारे पानीले गर्दा जमिन गल्छ । यसले गर्दा पहिरो अचानक माथिल्लो भागबाट तल्लो भागमा आएर थुप्रिन्छ ।

**पहिरो आउने कारण**

१) बन विनास गरेर
२) अत्याधिक बर्षा,
३) प्राकृतिक कारणहरु
४) भिरालो जमिन
५) कमजोर भु बनोट

**पहिरोका असरहरु**

१) जनधनको क्षती भई वासस्थानको अभाव
२) भुबनोट विगारीदिन्छ
३) खेतीयोग्य जमीनको नास हुन्छ
४) जंगल बाटो नहरको नास हुन्छ र पुनः निमार्ण गर्न खर्चालु हुने हुन्छ ।

**पहिरो रोकथामका उपायहरु**

१) प्राविधिक कृषि प्रणाली अपनाउने
२) जथाभावी बन विनाश नगर्ने
३) बढी मात्रामा बृक्षरोपण गर्ने

**भुक्षय**

जमिनको सतहको खुकुलो भाग वा माटो केही कारणबाट एक ठाउबाट अर्को ठाउमा जमीन खिएर जाने प्रकोपलाई भूक्षय भनिन्छ ।

**गेग्रान बहाव**

अत्याधिक बर्षाका कारणले खहरे खोला आदिले बगाएर ल्याउने ढुङ्गा माटो बालुवाको लेदेको बहाव लाई गेग्रान बहाव भनिन्छ ।

**गेग्राान बहावका कारणहरु**

१) अत्याधिक बर्षा
२) जगंल बिनास गरिएको नाङ्गो जमीनमा भूक्षय बढ्ने गर्छ
३) वृक्षारोपण नगरेर
४) जमिनको भिरालोपन

**गेग्रान बहाव रोकथाका उपायहरु**

१) तर्काउ पर्खालको निर्माण
२) छेक बाध लगाउने
३) बर्षाको पानीलाई कुलेसो काडेर सम्हाल्ने

समग्रमा भन्नुपर्दा जल उत्पन्न प्रकोपलाई रोक्न अथवा न्युनिकरण गर्न बढी मात्रामा बृक्षरोपण गर्ने खोलानाला बस्तीहरु नबनाउने बाढी पहिरोबाट बच्न बाँस निगालो जस्ता बोटविरुवाहरु रोपण गर्न लगाउने, भिरालो जमिनलाई सम्याउने, बर्षाको पानीलाई कुलेसो काडेर तर्काउने, प्रकोपका पुर्वसंकेत देखिनासाथ सुरक्षित ठाउँमा जतिसक्यो छिटो बसाइसराइ वा स्थानान्तर गर्ने । यी कुराहरु घरमा बावुआमा, समाज र समुदायलाई भनेर जल उत्पन्न प्रकोपलाई कम गर्न सकिन्छ । जसरी पानी सबै चिजसँग मिल्छ त्यसरी नै हामी सबैसँग मिलि यी प्रकोपलाई रोक्न सबैलाई जनचेतना फैलाइ सचेत गर्नुपर्छ ।

# Water Induced Disasters and Its Mitigation

**Nisha Giri**
Class: 10, Roll no: 7
Shree Nawa Jyoti Higher Secondary School

Excellent

Water is an essential liquid substance which is needed for human life. The atomatic formula of water is H2o. No existence is possible without water. Water is one of the boon for us as it is equal disasterous. Disaster occurs due to water is called water induced disaster for ex. Flood, landslide, debris flow, soil erosion, dispose of snow lake etc.

**FLOOD**

due to various causes water flows in high speed than its normal speed and it takes the various things that are in the surroundings of the river side's that destruction is called flood. On 29th of Chaitra 2068 due to the disposal of Snow Lake the great flood occurred in Pokhara that took the life of many people. Some of them were lost. The great lost occurred the life and property. The big buildings were flows away and disappeared.

**Causes of flood**

1 heavy rainfall
2 deforestation because of high urbanization
3 Dispose of snow lake.

**Affects of flood**

1 It may take away the houses and human settlement
2 Femine may occur due to taking away the fertile land
3 Because of decage of the dead body of human and animals plague may spread.
4 Changes the land structures

**Controlling measues of flood**

1 plantation trees or a forstation
2 make people aware about the destruction of flood and participate them to plant trees
3 use technological and skilled way of agriculture.
4 Proper management of stream of water.

**Ways to prevent form flood**

1 Do not make the human settlement in the surrounding of rivers and rivulets
2 Do not cultivate in the slope land.

**LANDSLIDE**

The process of falling down the certain land mass in the hilly side is called landslide. The land

mass becomes weak due to torrential rain. So instantly the higher land mass falls is down wards and collect the soil in the lower part

**Causes of landslide**

1. heavy rain
2. deforestation
3. natural casues
4. slope land structure of topography
5. weak land mass

**Effects of landslide**

1. lack of settlement \ habilate due to loss of life and property
2. destroys the land structure
3. loss of fertile soil
4. loss of forest area, roads, brigdes, cannels and to rebuilt or reconstruct they are too much expensive.

**Controlling measures of landslide**

1. take the technological agricultural system
2. do not destroy the forest unexcessively
3. Plant a lot of trees.

**SOIL EROSION**

The loose soil of the land moves away by various agents form one place to another place and the land mass may decrease in certain place that is called soil erosion

**DEBRIS FLOW**

Because of excessive rain small rivers and rivulets bring soil stone, sand in a mixture form the flow is called debris flow

**Causes of debris flow**

1. Heavy rain
2. Barren hills or land because of the deforestation
3. Because of not planting trees
4. Slope of land

**Controlling measures of debris flow**

5. Construct the barrier walls
6. Construct the dam and barrier
7. Control the rain water by constructing cannels

While saying in general to stop or mitigate the water induced disaster planting trees, not to settle our residential areas near by the rivers rivulets. Plants bamboos or bamboo shoots to prevent or mitigate the disaster. Make small cannels to take the rainy water, make the hills plain migrate to the safety places when the percussion of the disasters are seen. We can mitigate the water induced disaster by killing our parent, community members or in the society so that we can spread awareness among the people of community member reduce the disaster.

# जल उत्पन्न प्रकोप र यसको न्यूनीकरण



**देवी पाण्डे**
**कक्षा: ९, रोल न. : २**
**श्री नव ज्योति थम माध्यमिक विद्यालय**

Excellent

जललाई सामान्य भाषामा पानी भनेर चिनिन्छ । पानी विना संसारमा कुनै पनि प्राणी जिवित रहन सक्दैन । हाम्रो दैनिक जीवनमा पानीको अति नै महत्व छ । पानीबाट आज विधुत् उत्पादन गरी संसार उज्यालो पार्न पानीको जति महत्व छ त्यति नै यो हानीकारक पनि छ । पानीले धेरै हानी नोक्सानी गरेको छ ।

पानीको कारणबाट हुने हानी नोक्सानीलाई जल उत्पन्न प्रकोप भनिन्छ । अनेक प्रकारका बाढी, पहिरो, भू:क्षय र गेग्रान बहावलाई नेपालका प्रमुख जल उत्पन्न प्रकोप भनिन्छ । यस्ता प्रकोपहरु प्रकृतिमा आफ्से-आफ र मानव सिर्जित कारणबाट हुने गर्दछ । कहिलेकाहीँ प्रकृतिमा अचानक घट्ने क्रियाकलापले जनधनको क्षति गराउँछ । यी प्रकृतिमा आफैँ हुने गर्दछन् । बाढी, पहिरो, भू:क्षय र गेग्रान बहाव जस्ता प्रकोपहरु मानव सिर्जित कारणबाट पनि हुन्छ । मानिसहरुले जथाभावी वनजंगल फँडानी गर्ने र भिरालो जमिनमा खोरिया खन्ने प्रवृत्ति र अत्याधिक जनसंख्या वृद्धिका कारण मानिसहरुलाई बढी खाद्यान्नको आवश्यकता पर्छ र जथाभावी मानिसहरु वनजंगल फँडानी गरी अव्यवस्थित रुपमा बसोबास गर्ने भएकाले वनजंगलको

जथाभावी प्रयोग हुन गई भू:क्षय हुने र पहिरो जाने गर्दछ। यसले गर्दा मानिसले गरेका सिर्जनात्मक कार्यहरु पनि क्षण भरमा नै नाश गर्ने गर्दछ । धनजनको क्षति हुने गर्दछ । पुल, सडक, मठमन्दिर जस्ता विकासका निमार्णहरु पनि नष्ट गर्दछ ।

मानिसमा विभिन्न किसिमका समस्या र दरिद्रता आइपर्छ । फलस्वरुप मानिसको आशा निराशामा बदलिन्छ । अतिबर्षाका कारणले मानिसको धेरै हानी नोक्सानी गरेको छ । मनाङ, मुस्ताङतिर धेरै हावा चल्ने भएकाले माथि माथि रहेको फुर्र परको मलिलो माटो बगाइँ लैजान्छ। हाम्रो समाजमा काल्ना खन्ने र डिल ताछ्ने चलन छ । यसले गर्दा पनि धेरै हानी नोक्सानी गर्दछ । मानिसहरु आफैमा पनि दैवी भरोशा रहेको पाइन्छ। प्राकृतिक प्रकोपलाई दैवी प्रकोप पनि भनिन्छ। प्रकोप दैवले गर्ने भएकाले दैवलाई शान्ती गरेमा प्रकोप रोकिन्छ भन्ने प्रचलन अझै विद्यमान छ ।

२०४० सालमा भएको अतिबर्षा र हिमताल विस्फोटन भएको हुनाले बाढी पहिरो गई ठुलो क्षति पुगेको थियो । दिग्चो हिमताल फुट्नाले सोलुखुम्बु जिल्लाको नाम्चे विद्युत् गृह बगाएको थियो साथै २०६९ सालमा पोखरा सेती नदीमा आएको बाढीले पनि कैयौ मानिसले ज्यान गुमाउनुपऱ्यो । धनजनको क्षति भयो त्यसकारण जल उत्पन्न प्रकोपले धेरै प्रकोप निम्त्याएको छ । भिरालो जमिनमा बढी मात्रामा भू:क्षय हुन्छ भिरालो जमिनमा गह्रा नबनाई खेती गर्नाले पनि भू:क्षय हुन्छ र पहाडबाट सिधै झर्ने पानीले गर्दा पनि पानीको बेग बढी भई पहिरो जान सक्ने सम्भावना हुन्छ। जमिन भित्र भित्र पानी पस्न गई जमिन चिराचिरा पर्दछ । अवैज्ञानिक कृषि प्रणालीले पनि प्रकोप निम्त्याउँछ ।

रोग लागेर उपचार गराउन भन्दा रोग लाग्न नदिनु नै वेश हुन्छ भने जस्तै प्रकोप भएपछि संरचनाहरु बनाउनु भन्दा सावधानी अपनाउनु नै बेश हुन्छ । प्रकृतिमा अचानक घट्ने घटनाहरुले बढी मात्रामा क्षती गर्दा हाम्रो अवस्था दयनिय हुन्छ । हाम्रो जस्तो असाक्षरताले भरिएको नेपालमा अशिक्षाको कारण पनि मानिसहरु कसरी सावधानी अपनाउने भन्ने बारेमा थाहा हुदैन जसले गर्दा उनीहरु प्रकोप निम्त्याउने आफ्नै गल्ती छ भन्ने कुरा राम्रोसँग पनि जान्न सक्दैनन् त्यही अशिक्षाको कारणले मानिसहरु सावधानी अपनाउन नसकेर र दैवी भरोशामा आशा गरेको हुनाले नत उनीहरु साबधानी अपनाउन सक्छन नत यी समस्याहरुबाट मुक्त हुन्छन् । कोही मानिसहरु शिक्षित भएर पनि आफ्नो स्वार्थका लागि वनजंगल फँडानी गर्ने र अर्काको रिसिविका कारण वनजंगलमा डडेलो लगाउने र वनजंगलमा अतिचरण गराउने कारणले पनि जल उत्पन्न प्रकोप गराउँछ ।

भगवान्‌ले दुई हातसँग काम गर्ने क्षमता पनि दिएका हुन्छन् त्यसैले हामी जस्ता शिक्षित व्यक्तिहरु आफैं अगाडि बढ्नु पर्दछ । आफ्नो समाजमा जल उत्पन्न प्रकोपको प्रचार-प्रसार गरी अशिक्षित गाउँलेलाई जनचेतना अभिवृद्धि गराई सुन्दर समाजको सृजना गर्नु शिक्षित व्यक्तिहरुको कर्तव्य हो । जलउत्पन्न प्रकोप र यसका न्युनिकरणलाई शिक्षाको माध्यमबाट जनचेतना अभिवृद्धि गराउदाँ यसको केही न्युनीकरण गर्नमा मद्दत पुऱ्याउँछ । खोल्सो परेको ठाँउमा बासको छेकबार बनाइ प्रकोपको नियन्त्रण गनुपर्दछ र माथिबाट तल सिधै बग्ने पानीको कारणले पनि प्रकोप निम्त्याउने हुनाले घुमाउरो बाटो बनाई पानी एक्कासी तल झर्न नदिदाँ पनि जल उत्पन्न प्रकोप कम गर्न सकिन्छ। साथै जहाँतही वनजगंल फँडानी नगरी वृक्षरोपण गर्ने र समयमै बँच्ने उपाय अपनाउनु पर्छ जताततै हरियाली बनाउने र बढ्दो जनसंख्याको चाप लाई नियन्त्रण गर्न सकेमा पनि प्रकोप नियन्त्रण गर्न सकिन्छ। साथै पहिरो जाने ठाँउमा ढुगां माटो बोरी राख्ने र ग्याविङ राख्ने गर्नुपर्दछ । प्रकोप हुन सक्ने पुर्व संकेत बुझी बाढी, पहिरो, गेग्रान बहाव जस्ता प्रकोपबाट बच्नुपर्दछ । जहाँतही हरियाली बनाउनाले अनावृष्टि, अतिवृष्टि र खण्डवृष्टि बाट बच्न सकिन्छ ।

तसर्थ, संसारमा जिवित रहने प्राणी पानी विना उसको जिवन असम्भव छ तर पानीबाट धेरै प्रकोपहरु हुने हुदाँ धेरै हानी नोक्सानी गरेको छ। जहाँतही जनचेतना अभिवृद्धि गराई यसको बारेमा प्रचार-प्रसार गरी यसको रोकथाम गर्ने र समयमै बच्ने उपाय अपनाउनु पर्ने हुन्छ। पानीको जति धेरै महत्व छ त्यती नै यो हानिकारक पनि छ ।

# Water Induced Disasters and Its Mitigation

**Devi Pandey**
Class: 9, Roll no: 2
Shree Nawa Jyoti Higher Secondary School

Excellent

The Sanskrit word Jal is generally called water. No animals and creatures can survive without water. It is too much essential in our daily life. We can produce hydro electricity and the whole world can be made lighted there are so many benefits of water it is equally destructive too. Water has caused great loss every year.

The loss and destruction caused due to water is called water induced disaster. The main water induced disasters of Nepal are flood, landslide,

soil erosion debris flow. Those disasters occurs automatically or due to human induced causes in nature. Sometimes the desasterous activities occur in the nature instantly and causes great loss of life and properly. It occurs automatically in the nature flood, landslide soil, erosion debris flow etc disaster occur due to human due to causes. Random cutting down of the forest and trees construction of farm land in the slope of hills etc may cause the destruction. High population growth needs a lot of food. People start unmannered settlement in the forest and farm land area by destroying the forest. Because of unmannered settlement and misuse of forest soil erosion and landslide may occur and human creative works may destroy within fewtime it also causes the loss and life and property. Bridge Road, Temples, Guthi etc and other developmental works also get lost people may suffer from various problems and poverty as a result the optimism of human turns into pessimism.

Heavy has caused great loss of human beings. In Munang and Mustang districts the wind glows in high speed and that wind takes the loose soil of the surface fertile soil . That soil may take away by flood in our community making terraces and digging land has become a kind of tradition. It also causes the great loss. People also believe in the god goddess and divinely power. Natural disasters is also called divinely disaster. It is believed that the cause of disaster is god and godly power so if we please the god, disaster can be stopped automatically. This types of traditional belief is also existing in the society in the year 2040 the heavy rain and the disposal of snow lake caused great flood that swift away the hydro power station of Namche Bazar of solukhumbu. Likewise in 2069 the great flood occurred in the Seti river of Pokhara and so many people lose their life. Life and property was also lost so the water induced disaster invite other great disaster. In the slope of hills soil erosion occurs in high quantity cultivating in the hills without making terraces also cause soil erosion. When the water falls form the hills, the speed remains high which may cause landslide when the water is absorbed by the land, the structure of land becomes totally destructed unmanaged and inscientific agriculture system also invites disaster.

Prevention is better than cure so construction of various structures before disasters is the best after disaster. Our condition will turn in to pitiable due to natural disaster. Our country is fully backward in the sector of education so illiteracy may also be the cause of natural disaster. Only human invite the disaster people may not know how to take percussion to mitigate the effect of disaster due to illiteracy. They do not know their own mistake due to illiteracy. People only believe upon the divinely power and do not take preventive measures nor they can take any constructive preservative measures. Some people destroy forest to fulfill their own interest. They also caught fire over grazing of the animals in the forest area. These activities are also the cause of water induced disasters.

God has given us the gift of two hands and ability to do work so we learned people must get for warded. It is our responsibility to make people aware about water induced disaster by spreading awareness progamme in the rural areas among the illiterate people about water induced disasters and its controlling measures. If we provide awareness progarmme in the community about the disasters and its controlling measures certainly it will help to reduce the disaster. In the ditch or cannel of the flood, we can put construct the barrier of bamboo and in the slope due to fast flowing of water, lots of loss may occur that loss can be reduced by making bending path of flowing water. Instead of cutting down the trees everywhere plantation at the trees as far as possible may reduce the destruction we have to take preventive measures on time. If we make greenery everywhere and the growth rate of population is reduced, we can mitigate the disasters. Along with this the places of maximum possibility of land slide keep stones or sand in the rack and construct the preventive and supporting walls. By understanding the percussion of the disaster like flood, landslide debris flow etc we have to take preventive measures. If there is greenery everywhere, we can vexome safe form heavy rain untimely rain and drought.

Thus the life of living creatures is impossible without water. But water causes various disasters and that may bring great loss we can reduce disaster by spreading awareness to the people in the rural areas taking preventive measures on time is better. How much water is essential that much it cause loss and destruction?

# जल उत्पन्न प्रकोप र यसको न्यूनीकरण



**सुशीला शर्मा**
**कक्षाः ८, रोल नं.: ३**
**श्री नव ज्योति थम माध्यमिक विद्यालय**

Excellent

जल भनेको एक प्रकारको तरल पदार्थ हो । जल भन्नाले हामी पानी भन्ने बभ्छौ । पानी मानिस लगायत सम्पुर्ण जिवजन्तुलाई आवश्यक पर्दछ । पानी मानिसलाई आवश्यक पर्ने एक प्रकारका महत्वपुर्ण वस्तु हो । तर पनि मानिसले पानीलाई प्रदुषित पारेका छन् ।

पानीको कारणबाट हुने हानी नोक्सानीलाई जल उत्पन्न प्रकोप भनिन्छ । अनेक प्रकारका बाढी, पहिरो, भूःक्षय र गेग्रान वहाव जस्ता प्रमुख जल उत्पन्न प्रकोप नेपालका प्रमुख जल उत्पन्न प्रकोप हुन । यी प्रकोपहरु दुई किसिमबाट हुने गर्दछन् । ती हुन्

१) प्राकृतिक कारण
२) मानव सिर्जित कारण

प्रकोपले हाम्रो देशमा विभिन्न किसिमका असर पारेको छ । बाढी, पहिरो, भूःक्षय र गेग्रान वहावजस्ता जल उत्पन्न प्रकोपले घर जग्गा खेत बारी आदि विभिन्न किसिमका वस्तुहरुमा पारेको छ । त्यस्तै गरि सडक, भवन पुल, बाँध नहर र कुलो जस्ता विकासका पुर्वाधारलाई भत्काएर र पुरेर विनाश गर्दछ । यसले गर्दा आवातजावात रोकिन्छ । विधुत र सिँचाइको लागि गरिएको नदीको बाधँलाई बाढी पहिरो जस्ता प्रकोपले क्षति गर्दा हाम्रो लगानीमा ठुलो असर पारेको छ । जल उत्पन्न प्रकोपले पार्ने असर पनि मानिस र प्रकृतिमा नै भर पर्दछ । विभिन्न जल उत्पन्न प्रकोप मध्ये भूःक्षय पनि प्रमुख हो । सतहको माटो खुकुलो र नरम भई उडेर जाने प्रकृयालाई भूःक्षय भनिन्छ । भूःक्षयले हाम्रो देशमा विभिन्न असर पार्दै आएको छ । भूःक्षय पानीले तथा हावाले हावाले गर्दा हुन्छ । भिरालो, बोटविरुवा तथा भारपात नभएको नाङ्गो डाँडामा बढी भूःक्षय हुन्छ । धेरै हावा चल्ने ठाँउमा पनि बढी भूःक्षय हुन्छ ।

भूःक्षय पाी मानविय कारण र प्राकृतिक कारणबाट हुने गर्दछ । भूःक्षयबाट पर्ने असरहरु निम्न किसिमका छन्

१) भुवनोट विर्गानु
२) मरुभुमीकरण
३) वायु तथा जल प्रदुषण
४) विभिन्न जल उत्पन्न प्रकोपको स्रोत

**भूःक्षय रोकथामका उपायहरु**

- नाङ्गो डाँडा तथा बोटविरुवा नभएको ठाँउमा बोटविरुवा रोप्ने
- नदी तथा खोलाहरुमा छेकबाँध रोप्ने
- कुनै पनि वस्तु वा चित्र बनाइएर गर्ने संरचनात्मक उपायहरु
- विशेष वस्तु वा चीज बनाई समुदायमा आधारित रोकथामका उपायहरुबारे जन चेतना फैलाई गर्ने उपायहरु

**संरचनात्मक उपायहरु**

- छेकबाँध तथा बाँधको निर्माण
- कुलेसो तथा भेल निमार्ण
- जैविक प्रविधिको प्रयोग

जमिनको ठुलो भाग भत्किएर जाने प्रकृयालाई पहिरो भनिन्छ । पहिरो अक्सर गरेर भिरालो तथा बोटविरुवा नभएको ठाउँमा जाने गर्दछ । नेपाल पहिरो गइरहने क्षेत्रमा पर्दछ । कमजोर भएको भिरालोमा पहिरो जाँदा जमिनको सतहमा भएको ढुङ्गा माटो भत्किएर माथिल्लो भागबाट भरी तल्लो भागमा आएर थुप्रिन्छ । बर्षाको मुसलधारे पानीले जमिनको सतह गल्छ यसले गर्दा पहिरो अचानक तल भर्छ र मानिसहरु बस्ने बस्तीलाई पुर्दछ ।

पहिरो जाने कारणलाई प्राकृतिक र मानविय कारण गरी दुई किसिमका छुट्याउन सकिन्छ ।

**पहिरो जाने मुख्य कारणहरु**

प्राकृतिक कारण

- भारी बर्षा
- कमजोर भुबनोट
- भिरालो जमिन
- नदी किनार कटान
- भुकम्प -भुइचालो)
- हिउँ पग्लनु

मानविय कारण

- जनसंख्या र गाइवस्तुको चाप घाँसपात, काठ दाउरा आदिको लागि बनजङ्गल विनास
- गाईवस्तु जतातते छाडा छोड् नाल् वन जङगलको विनाश,

**पहिरो रोकथामका उपायहरु**

- जथाभावी बनजङ्गलमा गाइवस्तु नछोड्ने

- भिरालो तथा नाङगो डाँडामा बोटविरुवा रोप्ने
- जमिन भत्किएर जान लागेको ठाँउमा माटोले पुरिदिने आदि

ढुङगा, माटो, बालुवा आदि पानीमा मिसिएर बनेको लेदोलाई गेग्रान भनिन्छ। यो गेग्रान जमिनको भिरालो सतहबाट वेगसँग बग्नुलाई गेग्रान बहाव भनिन्छ। गेग्रान वहाव भिरालो र खहरेमा ठुलाठुला ढुङ्गा सहित लिएर धेरै छिटोछिटो बग्छ। यसले बाटोमा रहेका सबै वस्तुहरु बगाएर लैजान्छ। यसले भन्दा ठुलाठुला ढुङगा समेत बगाबएर लैजान्छ।

**गेग्रान बहावका मुख्य कारणहरु**

- अतिबर्षा हुनाले
- जमिनको भिरालोपना हुनाले
- कमजोर भु-बनोट हुनाले पहिरो जानाले
- ढुङगा माटो र पानीको लेदो खोलामा थुप्रिनाले
- भुकम्प जानाले

**गेग्रान बहाव रोक्ने उपायहरु**

- नदीहरु तथा खोलानालामा छेकबाध गर्ने
- गेग्रान आउन नदिने खालको पर्खाल लगाउने

मुसलधारे पानी परे खोलामा पानीको मात्रा बढेर तलतिर बग्दा विभिन्न घर पुल, नहर, सडक डुवाउनुलाई बाढी भनिन्छ। नेपालको बर्षा मनसुनमा भर पर्छ। धेरैजसो मनसुने बर्षा हुने समय असार, साउन र भदौ महिना हो। मनसुने बर्षाले खोला खहरे र नदीमा पानीको मात्रा बढ्छ। र बाढी आउँछ। हिमताल फुटेर पनि बाढी आउँछ। हाम्रो देशमा पनि वि.स. २०६९ सालमा हिमताल फुटेर कास्की जिल्लाको पोखरा भन्ने ठाउँमा धेरै घरहरु बगाएर लगेको थियो।

**बाढी आउने कारणहरु**

- हिमताल फुटेर बाढी आउँछ।
- मुसलधारे पानी पर्नाले नदीनाला थुनिएर एक्कासी खोलिदा बाढी आउँछ।

**बाढी रोकथामका उपायहरु**

- नदी किनारमा तटबन्ध लगाउने
- खोलाको पिँध बचाउन ग्राउण्ड सीलको निमार्ण गर्ने।

हाम्रो देश नेपालमा जल उत्पन्न प्रकोप झनभन्दा झनलबढ्दै गइरहेको छ। यसलाई हामी सबै मिलेर रोक्नु पर्दछ। रोग लाग्नु भन्दा रोग लाग्न नदिनु बेश भनेझै हामीले प्रकोप हुनदिनुभन्दा हुन नदिनु नै बेश हुन्छ। प्रकोप हुनभन्दा पहिले हामीले वरपरको वातावरणको ध्यान राख्नुपर्दछ। हामीले हाम्रो छिमेकीहरुलाई पनि प्रकोपको बारेमा सचेत गराउनुपर्छ। समुदायका सबै मानिसहरुलाई प्रकोप र यसका कारण शिक्षा दिई सबैलाई साबधानी गराउनुपर्दछ। शिक्षा र प्रचार प्रसारबाट जनचेतना जगाई प्रकोपबाट बच्न तथा बचाउन सकिन्छ। प्रकोप भइसकेपछि सबै मानिसलाई सुरक्षित ठाउँमा राख्नुपर्दछ। पिडित मानिसहरुलाई सुरक्षित ठाउँमा राख्नुपर्दछ। मरेका बस्तु र कुहिएका वस्तुलाई पुरिदिनुपर्दछ सबै मानिसलाई शिक्षा दिनुपर्दछ तब मात्र हामी बाढी पहिरो भुक्षय र गेग्रान बहाव जस्ता प्रकोपबाट हुन्छ र हामी सबै बच्न सक्छौ र बचाउन पनि सक्छौ।

# Water Induced Disasters and Its Mitigation

**Sushila Sharma**
Class: 8, Roll no: 3
Shree Nawa Jyoti Higher Secondary School

Excellent

Water is one of the liquid substance. The sanskrist word jal is understood water. It is essential for all human being but also other living creatures. It is one of the most important thing which is needed for human being. But people have been polluting the same water.

